**प्रश्न नं. ४३**

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**

**(कक्षा रोल्नं. ५१२४ देखि ५२४५ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

मानबहादुर ठकुरीको जाहेरीले नेपाल सरकार

बिरुद्ध

भोजपुर जिल्ला बलम्बु नगरपालिका वडा नं. १५ बस्ने रोहित क्षेत्री

मुद्दाः-ज्यान सम्वन्धी कसूर

- मेरी छोरी ईन्दिरा ठकुरीको विवाह रोहित क्षेत्री संग २०७३ सालमा भै १ छोरा जन्मेको र तत्पश्चात ज्वाईले कुटपिट गरी दुख दिई आउनु भएको थियो । त्यस्तैमा २०७५ कार्तिक महिना १५ गतेका दिन मेरी छोरी बिरामी भै अस्पताल भर्ना भएको खबर गर्नुभएकोमा २०७५।८।१ गतेका दिन छोरी ईन्दिरा ठकुरीको निधन भएको हुँदा छोरीको मृत्युको कारण ज्वाई रोहित क्षेत्री भएकोले निजलाई कर्तव्य ज्यान मुद्दामा कारबाही गरी पाउँ भन्ने समेत व्यहोराको मान बहादुर ठकुरीले जिल्ला प्रहरी कार्यालय भोजपुरमा दिएको जाहेरी दरखास्त ।
- मृतकको मुखमा सेतो फिज जस्तो पदार्थ निस्कीएको , घाटीमा डाम नभएको , आखाँ खुल्ला रहेको भन्ने ` समेत व्यहोराको लासजाँच मुचुल्का ।
- The cause of death can be detected after viscera repual भन्ने उल्लेख भएको पोष्ट मार्टम रिपोर्ट ।
- रमा कोईराला र राधा खड्काले मौकामा गरेको कागज
- मैले कर्तव्य गरी मारेको होईन ,वान्ता भै विरामी भएको कारण अस्पताल ल्याई भर्ना गरी उपचार गर्दा गर्दै पत्नी ईन्दिरा क्षेत्री ठकुरीको मृत्यु भएको हो भन्ने अभियुक्त रोहित क्षेत्रीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान ।

रोहित क्षेत्रीले ईन्दिरा क्षेत्री ठकुरीले चियामा विषादी मिसाई खुवाएको भनी मौकामा बुझिएका व्यक्ति र थप सबुतका व्यक्तिले व्यक्त गरेको भनाई समेतका आधारमा अभियुक्त रोहित क्षेत्रीलाई मुलुकी फौजदारी संहिता २०७४ को परिच्छेद १२ को दफा १७७ को कसुरमा ऐ. दफा १७८ बमोजिम सजाय गरी पाउँ भन्ने समेत व्यहोराको अभियोग पत्र ।

- प्रतिवादीको अदालतमा ईन्कारी बयान
- भोजपुर जिल्ला अदालतबाट भएको फैसला
- उच्च अदालत पोखरामा प्रस्तुत गरेको पुनरावेदन पत्र